# बुढीनन्दा राजपत्र


## बुढीनन्दा नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ८ संख्या ३ मिति २०८१ असार ३१ गते**


## भाग १

## बुढीनन्दा नगरपालिकाको सूचना

यस बुढीनन्दा नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०८० बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

### शिक्षा ऐन, २०८० संशोधन ऐन, २०८१

**प्रस्तावना:** बुढीनन्दा नगरपालिकाको शिक्षा ऐन २०८० लाई समयानुकुल संशोधन गर्न वाञ्छनीय भएकाले,

बुढीनन्दा नगरपालिकाको नगर सभाले यो संशोधन ऐन बनाई लागू गरेको छ।

१. **दफा २३ उपदफा (२) मा देहायको बेहोरा थप गरिएको:**

(२)क. नगरपालिका भित्रका विद्यालयहरुमा तहगत विषयगत कक्षागत र शिक्षक विद्यर्थीको अनुपातको आधारमा दरबन्धी कम भएका विद्यालयहरुमा नगरपालिकाले आफ्नो स्रोतमा नगर स्वयमसेवक शिक्षकको व्यवस्थापन गर्न सक्नेछ ।

(२)ख. उपदफा (२)क. बमोजिमका नगर स्वयमसेवक शिक्षकको योग्यता, सेवा सुविधा लगाएतका अन्य बिषय कार्यविधिमा तोकेबमोजिम हुनेछ।

२. **दफा २४ को प्रतिबन्धात्मक वाक्यमा देहायको बेहोरा थप गरिएको:**

तर, यस ऐनको दफा २३ (२)क. बमोजिमका नगर स्वयम स्यम् सेवक शिक्षकहरुको हकमा देहायबमोजिम हुनेछ ।

(क) कम्तिमा एक बर्षदेखि कार्यरतको हकमा उमेरको हदबन्दी नलाग्ने

(ख) अंग्रेजी गणित र विज्ञान बिषयमा अध्यापन अनुमति पत्र नभएमा पनि योग्य मानिने ।

३. **<u>दफा २६ उपदफा (३) मा देहायको बेहोरा थप गरिएको:</u>**

**(३)क.** यस दफामा अन्यत्र जे सुकै जेसुकै लेखिएता पनि दफा २३ (२)क. बमोजिमका शिक्षकको नियुक्ति गर्दा देहाय बमोजिमको छनौट समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृतः- अध्यक्ष

(ख) नगर शिक्षा समितिले तोकेको नगरपालिकाको एक जना अधिकृत स्तरको कर्मचारी -सदस्य

(ग) शिक्षा शाखा प्रमुख वा नगर शिक्षा समिति संयोजक ले तोकेको १ जना कर्मचारीः-सदस्य सचिव

४. **<u>दफा २८ उपदफा (६) मा देहायको बेहोरा थप गरिएको:</u>**

**(६)क.** यस ऐन बमोजिम नगर स्वयम सेवक शिक्षकको रुपमा नियुक्ति पाएका शिक्षकलाई नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले सरुवा गर्न सक्नेछ।

बुढीनन्दा नगरपालिका

**३. <u>दफा ३३ उपदफा (३) मा देहायको बेहोरा थप गरिएकोः</u>**

**(३)क.** यस ऐन बमोजिम नियुक्त नगर स्वयमसेवक शिक्षकको कार्य सम्पादन सन्तोषजनक नभएमा वा तोकिएको जिम्मेवारी पुरा नगरेमा वा आचरण सम्बन्धी कुनै प्रश्न उठेमा पदमुक्त गर्न सकिनेछ र यसरी पदमुक्त गर्दा सुनुवाईको मौकाबाट बञ्चित गरिने छैन।

आज्ञाले

ओमजङ्ग शाही

नि. प्रमुख प्रशासकीय अधिकृत

बुढीनन्दा नगरपालिका